# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

च.नं.:

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
नीलकण्ठ नगरपालिका,
धादिङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट नीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ७ लाख २६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख ५० हजार, नियमित गर्नुपर्ने रु २१ लाख ६४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६२ लाख ६५ हजार र पेश्की बाँकी रु.१६ लाख ४७ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ११(एघार) यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# नीलकण्ठ नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :-**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अन्तर्गत १४ वडा, ७४ सभा सदस्य, १९९.७५ व.की.मी. क्षेत्रफल, ५८८७६ जनसंख्या रहेको तथा यो नगरपालिका ३ नम्बर प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

## एकिकृत आयव्यय विवरण

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **४७०४०२६९.४३** | १ | **चालु खर्च तर्फ** | | **४४६३००२३७.४३** |
| | क) नगद | ५०६६४३.२५ | ० | | **क) समानिकरण तथा आन्तरिक** | **८५१३७५१३.२३** | **०** |
| | ख) बैंक | ४६५३३६२६.१८ | ० | | **ख) सशर्त अनुदान तर्फ** | ३६११६२७२४.२० | **०** |
| २ | **कोष तर्फ** | | **४२६३०९२.१५** | २ | **पूँजीगत खर्च** | | **१६४६९००२१.०९** |
| | क) कर्मचारी कल्याणकोष | १२७११७.०० | ० | ३ | **अन्य खर्च** | | **८२८४७२१.००** |
| | ख) मर्मत सम्भार कोष | १५००००.०० | ० | ४ | **कोष तर्फ बाँकी** | | **५८००९४८.१५** |
| | ग) महिला बालबालिका कोष | ६०९०३०.०० | ० | ५ | **मौज्दात बाँकी:** | | **१३७७४७४५०.९५** |
| | घ) प्रकोप व्यवस्थापन कोष | ६०६०२९.०० | ० | | **क) नगद बाँकी** | २२३००३.०० | **०** |
| | ङ) धरौटी खाता | २७७०९१६.१५ | ० | | **ख) बैंक मौज्दात** | १३७५२४४४७.९५ | **०** |
| ३ | **वित्तीय हस्तान्तरण** | | **५४२७८७०००.००** | ६ | **जम्मा साटिन बाँकी चेक** | | -१८६७३०५.०० |
| | क)वित्तीय समानीकरण अनुदान | २९८९७९०००.०० | ० | | | | ० |
| | ख) सशर्त अनुदान | २४३८०८०००.०० | ० | | | | ० |
| ४ | **अन्य चालु अनुदान** | | **११८११३०००.००** | | | | **०** |
| | क)सामाजिक सुरक्षा | ११५०३६०००.०० | ० | | | | ० |
| | ख) एल.जी.सि.डि.पि चालु | १०७७०००.०० | ० | | | | **०** |
| | ग) कुष्ठरोग महाशाखा | २००००००.०० | ० | | | | **०** |
| ५ | **अन्य पूँजिगत अनुदान** | | **५००००००.००** | | | | ० |
| | क) एल.जि.सि.डि.पि. | ६०००००.०० | ० | | | | ० |
| | ख) सडक बोर्ड | २४०००००.०० | **०** | | | | ० |
| | ग) पर्यटन बोर्ड | १५०००००.०० | **०** | | | | ० |
| | घ) जि.आई.जेड. | ५०००००.०० | **०** | | | | ० |
| ६ | **अन्य आम्दानी:** | | **९२०८३८५.३०** | | | | ० |
| | **क) गत आ.व.को सा.सु.पेश्की फिर्ता** | ५३८८१००.०० | ० | | | | ० |
| | **ख) धरौटी आय** | २४१६७३७.०० | ० | | | | ० |
| | **ग) कर्मचारी कल्याण कोष आय** | १००००००.०० | ० | | | | ० |
| | **घ) डोजर आम्दानी** | १७०३६४.०० | ० | | | | ० |
| | **ङ) लागत सहभागिता** | १५५०००.०० | ० | | | | ० |
| | **च) अन्य आय** | ७८१८४.३० | ० | | | | ० |
| ७ | **आन्तरिक आय** | | **३०९५४८६३.७४** | | | | ० |
| ८ | **राजश्व बाँडफाड** | | **३५८९४६३.००** | | | | ० |
| | **जम्मा** | | **७६०९५६०७३.६२** | | **जम्मा** | | **७६०९५६०७३.६२** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाले १४ वटा ऐन, नियमावली र ८ कार्यविधि बनाएको भएपनि सवै क्षेत्रको आवश्यक ऐन, नियम र कार्यविधि नबनाएकोले पर्याप्त कानून तयार भएको पाइएन । | |
| २. | **स्थनीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्वयनले उचित सार्थकता नपाउने हुदा यस तर्फ यस नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ३. | **सशर्त अनुदान-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले रु.१४००।- खर्च नभई बाँकी रकम स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु. | १४००.०० |
| ४. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असूली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असूली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । पेश भएको रसिद नियन्त्रण खाता अनुसार २२ थान रसिद प्याड वडा नं.७,९,१० बाट आउन बाँकी देखिएको हुँदा रसिद र आम्दानी एकिन हुनसकेन । उक्त हराएका २२ थान रसिद बारे छानविन हुनुपर्दछ । | |
| ५. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ६. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।  उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>७.</td><td>कल्याण कोष :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार भनि यो आर्थिक वर्षमा एकमुष्ठ रु.१० लाख आन्तरिक खातावाट कर्मचारी कल्याण खातामा ल्याएको देखियो ।</td><td></td></tr>
<tr><td>८.</td><td>वातावरणीय प्रभाव : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । यो नगरपालिकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । यसरी वातावरण सुधार र ढलमा रु.१८ लाख ८ हजार बजेट व्यवस्था भएकोमा सोही रकम खर्च गरी १००% प्रगति गरेको छ । ढल निर्माणको एकीकृत बहु वर्षे योजना  र प्रगती पेश भएन । त्यसैगरी पार्क निर्माणमा रु.८० लाख बजेट रहेकोमा खर्च गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>९.</td><td>सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दीगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस आ.व.मा एक पटक मात्र यस्तो सुनुवाई गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>१०.</td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस वर्ष पारित कुल ७८४ योजना मध्ये पार्क निर्माण, भ्यूटावर निर्माण र उद्यमशिल विकास कार्यक्रम कार्यान्वयन भएको पाइएन ।</td><td></td></tr>
<tr><td>११.</td><td>अवलोकन भ्रमणः कार्यालयले मिति २०७५ आषाढ महिनामा नगरसभाका सदस्यहरु त्था २७ जना कृषकहरुलाई स्याङजा, पाल्पा, रुपन्देही जिल्लाको कृषि अवलोकन भ्रमण गराई रु.२ लाख ७५ हजार खर्च गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>१२.</td><td>न्याय सम्पादनः नगरपालिकाको मुद्दा दर्ता, फछ्र्यौट, बाँकी र मेलमिलापको विवरण देहायअनुसार छनः<br><table><tr><td>परेका मुद्दा</td><td>११</td></tr><tr><td>मिलापत्रबाट टुंगेको</td><td>५</td></tr><tr><td>मुद्दा फिर्ता</td><td>६</td></tr></table></td><td></td></tr>
<tr><td>१३.</td><td>सवारी साधन खरिदः आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम १२३ बमोजिम, कुनै कार्यालयले थप सुविधा वृद्धि गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिएको हुनु पर्ने व्यवस्था रहेकोमा, यस नगरपालिकाले आन्तरिक बजेट श्रोतबाट भनि अर्थमन्त्रालयको पूर्व स्वीकृति बेगर निम्नअनुसारका सवारी साधनहरु खरिद गरेको देखियो ।<br><table><tr><th>भौचर/मिति</th><th>विवरण</th><th>रकम</th></tr><tr><td>विभिन्न</td><td>१६ थान मोटर साइकल, १ थान जीप खरिद गरेको ।</td><td>९७८९९००.००</td></tr></table></td><td></td></tr>
<tr><td>१४.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(क) मा सार्वजनिक निकायले कुनै खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धि सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने भए एउटै लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले विभिन्न वडाहरुमा वडादशैंको समयमा सडक मर्मतको कार्य गर्दा नियमावली बमोजिम एउटै प्याकेज बनाई गर्नुपर्नेमा १४ वडाका विभिन्न सडकमा भएको अवरोध एकै समयमा खुलाउनुपर्ने कारण जनाई देहायअनुसारका निर्माण व्यवसायीबाट टुक्रा टुक्रा गरी मर्मत कार्य गराएको छ । अतः ऐन तथा नियमावलीमा उल्लेखित व्यवस्था पालना गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| निर्माण व्यवसायी | वडाहरु | भुक्तानी रकम |
|---|---|---|
| सुन्दरादेवी निर्माण सेवा, धादिङ | १,२,३,४ | ४२२२५९.९३ |
| ज्वालामुखी कन्स्ट्रक्सन, धादिङ | ५,६,९ | ३४८८०३.८८ |
| हिमगिरी निर्माण सेवा, धादिङ | १०,११,१४ | ३२३६३६.८६ |
| एस.एस. कन्स्ट्रक्सन, धादिङ | ७,८,१२,१३ | ४२२५०७.०० |
| जम्मा | | १५१७२०७.६७ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १५. | **ओडारे तल्लो बेसी अमलटार जयन्ती डाडा सडक कालो पत्रे:**<br>उपरोक्त सडकको निर्माण कार्यको लागत अनुमान रु.९१,६५,३८५।३० रहेकोमा निर्माण व्यवसायी भान्जा कन्स्ट्रक्सन, धादिङले उक्त निर्माणकार्य रु.६१,९६,६७३।७९ मा कबोलगरी मिति २०७४।१२।२० सम्ममा सम्पन्न गर्ने गरी मिति २०७४।६।१८ मा सम्झौता गरेको थियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्ननानुसार छन: | |
| | क) मुख्य सडक देखी करिब १ किलोमिटर बाहिर अगाडि पछाडि कच्चीबाटो मध्ये जम्मा ४०० मी. कालोपत्रे गर्ने गरी एक परामर्शदाताको प्रतिवेदन बमोजिम कुल लागत अनुमान रु.९१,६५,३८५।३० मिति २०७४।२।१९ मा नगर कार्यपालिका बोर्डबाट अनुमोदन गर्ने गरी साविक कार्यकारी अधिकृतबाट स्वीकृत भएकोमा नगर कार्यपालिकाको बोर्डबाट अनुमोदन भएको देखिएन । | |
| | ख) मिति २०७४।१२।२० सम्म निर्माण अवधि रहेको निर्माण व्यवसायीले प्रथम रनिङ विल मिति २०७५।२।२२ मा पेश गरेकोमा कार्यालयले म्याद थप बेगर भुक्तानी गरेको नियमित नभएको रु. | १८७७७८३.०० |
| | ग) लेखापरीक्षण अवधि २०७५।१०।२० सम्म पनि उक्त निर्माणकार्यको म्याद थपको लागि निर्माण व्यवसायीले निवेदन दिएको तथा कार्यालयबाट म्याद थप गरेको नदेखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौता शर्त GCC 47.1 बमोजिम मिति २०७५।३।३० सम्मको पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु. | ३०९८३३.६९ |
| | घ) यस सडकको स्थल गत अवलोकन मिति २०७५।१०।२३ मा गरेकोमा देखिएका व्यहोरा निम्न छन्:<br>● सडक निर्माणको शुरु विन्दु देखी अन्त सम्म ४०० मिटर सम्म कटिङको कार्य तथा नाला निर्माणको कार्य धेरै पहिला गरिएको र ठाउँ ठाउँमा नाला भत्केको तथा पहिरो खसेको ।<br>● निर्माण व्यवसायीले सडक चौडा गर्ने कार्य तथा कटिङ्ग गरेको माटो १/ २ दिन अगाडि सम्याएको र सो माथि कुनै सवारी साधन गुडेको छाप नरहेको ।<br>● बाटोमा ग्राभेल कार्य समेत नभएको ।<br>● निर्माण व्यवसायीले वेसकोर्ष कार्य शुरु नगरेको, कालोपत्रे गर्न सामाग्री संकलन नगरेका ।<br>उपरोक्त स्थितिमा नगरपालिका कार्यालयबाट करिब २ कि.मि.को दुरीमा अगाडि पछाडी कच्ची बाटो रहेको र बीचमा ४०० मीटर मात्र बाटो कालो पत्रे गर्न आवश्यक भएको पुष्ट्याई  नभएको र ४०० मी मात्र बाटो कालोपत्रे गर्ने सम्बन्धमा कुनै अध्ययन नगरी सिमित स्रोत साधन रहेको नगरपालिकाले यस योजनामा रु.६२,००,०००।- बजेट विनियोजन गरेको कार्यको छानविन हुनुपर्दछ । | |
| १६. | **डम्पिङ साइट स्तरोन्नती कार्य:** उपरोक्त निर्माणकार्यको नापी किताब परिक्षण गर्दा निर्माण सम्बन्धि फोटोमा मेशिन द्वरा माटो खन्ने कार्यभएको देखिएको साथै उपभोक्ताले इन्धनको विलसमेत पेश गरेकोमा १३६.३२ घनमिटरको मेशिनको दर रु.९१.५३ ले रु.१२७४४।३७ भुक्तानी हुनुपर्नेमा माटो मानिस द्वारा खनेको देखाई प्रति घनमिटर रु.६२५।- को दरले रु. ८५२००।-भुक्तानी गरेकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु. | ७२४५५.६३ |
| १७. | कार्यालयले भौतिक पूर्वाधार निर्माणकार्यको लागत अनुमान तयार गर्दा भवन निर्माण तथा शहरी विकास विभाग र डोलिडारले तयार पारेको नर्म्सबाट दर बिश्लेसन गर्ने गरेको जनाएको छ । वसाहा जेष्ठ नागरिक आराम केन्द्रको लागत अनुमान तयार गर्दा इटाकोकार्यमा प्रति घनमिटर रु.१२७८३।५७ हुनुपर्नेमा रु.१३२९५।२५ राखेको र सोही अनुसार विल तयार गरि भुक्तानी गरेको देखिएकोले २१.०६ घनमिटरको प्रति घनमिटर रु.५११।६८ ले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | १०७७५.९८ |
| १८. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम कार्यालयबाट संचालन भए गरेका कामको सुनिश्चितता, संरक्षण, उपयोग र उपलब्धि सम्बन्धमा मुल्यांकन गर्नुपर्ने व्यवस्था छ । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

कार्यालयले विभिन्न लक्षित समुह, विद्यालय तथा कृषकहरुलाई निम्न उल्लेखित सामाग्री तथा विउ वितरणगर्ने योजना बनाई खर्चगरेकोमा सो को सदुपयोग, संरक्षण, प्रभाव र उपलब्धिको विषयमा अनुगमन गरी मूल्यांकन गरेको देखिएन । अतः वार्षिक स्वीकृत योजना अन्तर्गत खरिद तथा वितरण भएका सामाग्री तथा विउविजनको सम्बन्धमा सोको संरक्षण, सदुपयोग र सो बाट भएको उपलब्धिको लागत लाभमा आधारित मूल्यांकन गरी गुणात्मक प्रतिवेदन तयार गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| गो.मौ.नं.मिति | उपभोक्ता | विवरण | रकम |
|---|---|---|---|
| ३०२-०७५/३/४ | कुमाल सामुदायिक भवन व्यवस्थापन, वडा नं.८ | कम्प्युटर, प्रिन्टर, फर्निचर आदि खरिद | १०००००.०० |
| ३९९-०७५/३/२० | श्री रत्नदेवी आधारभूत विद्यालय, वडा नं. ८ | ल्यापटप, प्रोजेक्टर, साउण्ड सिस्टम, प्रिन्टर आदि खरिद | १८४५५९.०० |
| ४०७-०७५/३/२० | वडा नं. १० का अगुवा कृषकहरु | २ थान मिनि टिलर लगायत कृषी सामाग्री तथा औजार | १९४०००.०० |
| ४२५-०७५/३/२१ | नीलकण्ठ क्याम्पस आई.टी. ल्याब निर्माण | ११ थान कम्प्युटर तथा अन्य फर्निचर खरिद | ५८२०००.०० |
| ४७०-०७५/३/२४ | विद्युतपोल खरिद उ.स.वडा नं. ४ | २२ थान ८ मि. पोल खरिद तथा ढुवानी | १६०००.०० |
| ४८१-०७५/३/२५ | नीलकण्ठ सामुदायिक सिकाई केन्द्र | ६ थान कम्प्युटर, यू.पि.एस लागायत खरिद | २८५०००.०० |
| ४९८-०७५/३/२५ | नीलकण्ठ क्याम्पस कम्प्युटर खरिद | ३ थान कम्युटर र १ थान प्रिन्टर खरिद | २४४६९०.२० |
| ५८६-०७५/३/२ | शिक्षा क्षेत्र पूर्वाधार विकास कार्यक्रम | ४० सेट इ-एटेन्डेन्स खरिद गरि ४० वटा मा.वि.मा जडान कार्य | १०२८३००.०० |
| जम्मा | | | २६३४५४९.२० |

१९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नमुना छनौटको आधार परिक्षण गर्दा कार्यालयले यस वर्ष देहायका उपभोक्तालाई भवन निर्माणवापत दिएको भुक्तानी बाट देहायबमोजिमको कार्य भई काम अधुरो रहेको देखिन्छ । अतः योजनामा रकम विनियोजन गर्दा प्राविधिकको लागत अनुमान बमोजिम उक्त योजना सम्पन्न गर्न आवश्यक रकम र सो मध्ये कार्यालयले व्यहोर्ने रकम निश्चित गरि कार्यसम्पन्न गर्ने सर्तमा उपभोक्ता समुह सँग सम्झौता गर्नुपर्नेमा विनियोजित बजेटलाई आधारमानी बजेटले खामेसम्मको लागत अनुमान तयार गरी सोही बमोजिम कार्यसम्पन्न गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिँदा बजेटको उपयोगिता नहुने साथै तोकिएको संरचना निर्माण पुरा नभै लक्षित समुहले समेत लाभ लिन नसक्ने हुँदा कार्य अधुरा रहने गरी बजेट विनियोजन र भुक्तानी दिने कार्यलाई नियन्त्रण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| गो.भौ.नं.मिति | उपभोक्ता समिति | कामको विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| ३०५-०७५/३/४ | अधिकारी डाँडा सामुदायिक भवन | भवन निमार्ण | ९७०००.०० | जग्गा सम्याउने कार्य मात्र भएको |
| ३९७-०७५/३/२० | वसाहा जेष्ठ नागरिक आराम केन्द्र | भवन निर्माण | ५३३५००.०० | छत ढलान कार्य वा छाना लाउने कार्य नभएको |

२०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष सञ्चार क्षेत्र विकास अन्तर्गत विनियोजित बजेटबाट निम्न सञ्चार गृहलाई देहायबमोजिम उपकरण तथा भौतिक पूर्वाधार विकास भनि भुक्तानी दिएकोमा उक्त सञ्चार गृह सामुदायिक, गैह्र नाफामुलक भएको भन्ने कुनै प्रकारको प्रस्ताव तथा कागजात संलग्न रहेको नदेखिएकोले सो सम्बन्धि प्रमाण पेश गर्नुपर्ने रु. — ८८५०००.००

| संस्थाको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|
| शहीद स्मृती सञ्चार सहकारी, धादिङ | ५०० वाट ट्रान्समिटर खरिद | ४८५०००.०० |
| रेडियो धादिङ, धादिङ | टावर स्तर उन्नती | ४०००००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| जम्मा | ८८५०००.०० |
|---|---|

२१. आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) बमोजिम विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायअनुसारका कार्यक्रमको खर्च उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा देहायको कैफियत देखिएकोले खर्चलाई पुष्टिगर्ने आधार प्रमाण पेश गर्नुपर्ने रु.

रकम: ५८६५००.००

| गो.भौ.नं.मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ५२१-०७५/३/२५ | वडा नं. १३ सुचना केन्द्र स्थापना | ९७०००.०० | १ सेट ब्राण्डेड, १ सेट प्रिन्टर तथा २ थान अफिस टेबल खरिद गरेको विल भएपनि उक्त संस्थाको जिन्सी दाखिला प्रमाण नरहेको |
| ५८९-०७५/३/२५ | वडा नं.७ पाइप खरिद | १५००००.०० | विभिन्न साइजका ३४९० मिटर पाइप खरिद गरि ४ जनालाई वितरण गरेकोमा उक्त पाइपको माँग, प्राविधिकको सिफरिस तथा प्रयोग पश्चातको प्रतिवेदन संलग्न नरहेको |
| ६०५-०७५/३/२९ | वडा नं. ५ केरा तथा तरकारी बिउ खरिद | ३३९५००.०० | प्लाष्टिक घर, केरा तथा तरकारीको विउ खरिद गरेको विल संलग्न रहेपनि उक्त घर तथा विउ वितरण सम्बन्धमा कृषकको माग, कृषक छनौट तथा वितरण भपाई संलग्न नरहेको |
| जम्मा | | **५८६५००.००** | |

२२. **सामाजिक सुरक्षा तर्फः** सामाजिक सुरक्षा तर्फको भत्ता वितरणको सम्बन्धमा मिति २०७४।६।२९ मा सिभिल बैंक लिमिटेड सँग सम्झौता भई खाता खोल्ने काम भएको देखियो । खाता खोल्न बाँकी बृद्ध बृद्धाको विवरण नराखी खाता नखोल्दै मृत्यु भएको भन्ने व्यहोराबाट २०७४ पौष देखी २०७४ जेष्ठ सम्मका मृतकका हकवालालाई विभिन्न अवधिको जीवित रहँदाको भत्ता वितरण गरेकोभनि निम्नानुसारको भत्ता वितरण भरपाई पेश भएको हुँदा बैंकमा खाता नखोलेको र मृत्यु भएको प्रमाण एवं नाता प्रमाणित को विवरण अद्यावधिक गरि पेश हुनुपर्ने अन्यथा सम्बन्धित वडा सचिवबाट असुलहुनुपर्ने रु.

रकम: ३०८०००.००

| भौ.नं. मिति | वडा नं. | वडा सचिव | मृतक संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| २-०७५/५/२८ | १ | वीर बहादुर दुवाडी | ५ | ६७०००.०० |
| ५-०७५/५/२८ | १४ | अर्जुन श्रेष्ठ | १५ | १११०००.०० |
| १४-०७५/८/२५ | १० | सुरेश प्रसाद यादव | ८ | १३००००.०० |
| | | जम्मा | | ३०८०००.०० |

२३. क) साझेदारीमा स्वच्छ तथा स्वथ्य मासु उत्पादन कार्यक्रम अन्तर्गत छनौट भएको नमल फ्रेस हाउस, नीलकण्ठ ३ लाई पशु बधशाला निर्माण गर्न रु.३८,५७,०००। को लागत अनुमानमा रु.२६,१९०००। अनुदान दिनेगरी सम्झौता भएको देखियो । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(५) बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा सम्झौता र सुरु लागत अनुमान अनुसार कन्टिन्जेन्सी समेत खुलाई कार्य सम्पन्न प्रतिवेदन अनुसार निजलाई रु.२६ लाख १९ हजार भुक्तानी गर्नुपर्नेमा रु.२७ लाख भुक्तानी गरेकोले बढी परिमाण निर्माण देखाएर सम्झौता भन्दा बढी दिन नमिल्ने हुँदा असुल हुनुपर्ने रु.

रकम: ८१०००.००

ख) सम्झौताको नर्म्स अनुसार नीलकण्ठ ८ ससाहा भन्ने स्थानमा उच्च गुणस्तर युक्त तोकिएको डिजाइनमा बध स्थल निर्माण गर्नुपर्नेमा सो अनुसार नभएको र बध स्थलको ड्रइंग डिजाइन समेत बनाएको देखिएन ।

ग) स्थापनाहुने बधशालाको हकमा प्रारम्भिक वातावरणीय परिक्षण(आई.इ.इ) प्रतिवेदन र स्थानीय निकायको सिफारिस, सरजमिन मुचुल्का हुनुपर्नेमा सो भएको देखिएन ।

२४. **धरौटी तर्फः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम राखेको कार्यसम्पादन धरौट फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयबाट आय विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी गर्नुपर्नेमा निम्न निर्माण व्यवसायीलाई कर चुक्ता प्रमाणको आधारमा धरौटी फिर्ता गरेकोले कर समायोजन पेश हुनुपर्ने रु.

रकम: ६५६३८१.००

| भौ.नं. मिति | निर्माण व्यवसायी | धरौटी रकम | कैफियत |
|---|---|---|---|
| ०७-०७४/९/३० | आर.डि.एस.निर्माण सेवा | ३४३००.०० | कर चुक्ता रहेको |
| ०८-०७४/१०/१० | सिप्रदी ट्रेडिङ्ग प्रा.ली. | १३२२५०.०० | कर चुक्ता रहेका |
| ५४-०७५/३/११ | ज्वालामुखी कन्स्ट्रक्सन | ४८९८३१.०० | कुनै प्रमाण नरहेको |
| | जम्मा | ६५६३८१.०० | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २५. | कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यबिधि, २०७३ को बुदा नं. ५ अनुसार यन्त्र उपकरणको आपूर्ति गर्ने इच्छुक आपूर्तिकर्ताहरुबाट सिलबन्दी प्रस्ताब पेश गर्नका लागि राष्ट्रिय स्तरको पत्रिकामा ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी बुदा नं. ६ अनुसार प्रतिस्पर्धाका आधारमा मुल्याङकन गरी आपूर्ति कर्ता छनौट गर्ने र बुदा नं. ९ अनुसार कृषकको निवेदन माग फारम लिने यसरी मिनि टिलर लिनका लागि पहाडका कृषकको हकमा कम्तीमा (बुदा नं. ३.१ अनुसार) १० रोपनी जग्गा भएको लालपुर्जाको फोटो कपि वा लिजमा जग्गा लिएको प्रमाण सहित आवेदन दिएको हुनु पर्ने व्यवस्था रहेको छ त्यसै गरी बुदा नं. १० अनुसारको छनौट समितिले लाभग्राही कृषक छनौट गर्ने र बुदा नं. १६ अनुसार, वितरण गरेको कृषि औजारहरुको उपयोग तथा उपलब्धीका सम्बन्धमा अनुगमन तथा मुल्याङकन गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले आफ्नो छुट्टै कृषी यन्त्र तथा उपकरण अनुदान परिचालन सम्बन्धी कार्यबिधि तयार नगरेको अवस्थामा, कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यबिधि, २०७३ लाई आधार मानि कृषि यन्त्र तथा उपकरणहरुको अनुदान सम्बन्धी कार्य गर्नु पर्नेमा कार्यबिधिमा उल्लेखित खरिद प्रकृया बेगर रु.१६१३५००।– को मिनी टिलर खरिद गरेको देखियो साथै कृषक छनौट कार्यबिधिको बुदा नं. १० अनुसार भएको प्रमाण, कृषकहरुबाट जग्गाको लालपुर्जा पेश गरेको प्रमाण बेगर मिनी टिलर खरिदमा ५० प्रतिशत अनुदान दिएको पाइएकोले उपरोक्त कार्यविधिको पालना गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २६. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ त्यसै गरी सोही नियमको उप नियम ८ अनुसार खर्चको भुक्तानी रीतपूर्वक भए नभएको यकिन गरी गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले देहाय बमोजिमका भुक्तानीहरु नियमावलीको उल्लेखित व्यवस्था अनुसार नभएको देखिएको हुँदा खर्चलाई पुष्ट्याँई गर्ने प्रमाण पेश गर्नु पर्ने रु | २४१९०००.०० |

| भौचर/मिति | विवरण | रकम |
|---|---|---|
| १३७/२०७४.९.१२ | कृषि अनुदान अर्न्तगत ५० प्रतिशत अनुदानमा प्राचीन एग्रो इन्टरप्राईजेज, चितवनबाट कुल रु ६३९९००। को तरकारीका विउहरु खरिद गरेको देखिएकोमा उक्त सामानहरु वितरण गरेको भरपाई पेश गर्नु पर्ने रु | ३१९९५०.०० |
| १३८/२०७४.९.११ | सहज एग्रो ट्रेडर्सबाट २५०० प्याकेट तरकारीको कम्पोजिट प्याकेट खरिद गरेको देखिएकोमा उक्त प्याकेट १४ वटा वडाका जनप्रतिनिधिहरुले बुझेको भरपाई देखिएकोमा सो सामान कृषकहरुलाई वितरण गरेको भरपाई पेश गर्नु पर्ने रु | १५७५००.०० |
| १९७/२०७४.१०.९ | नेप्लिज कम्प्युटर सेन्टर, काठमाण्डौबाट १३ थान सि.सि.टि.भी. खरिद गरेको भनि खर्च लेखेकोमा जडान कार्य सम्पन्न भएको प्रमाण, जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु | २९४२५०.०० |
| ६६७/२०७५.२.२४ | आई.सि.टी.पूर्वाधार सहितको शैक्षिक सूचना केन्द्र स्थापनाका लागि नीलकण्ठ सामुदायिक विकास केन्द्रलाई भुक्तानी दिएकोमा उक्त कार्यको प्राबिधिक पुष्ट्याँई सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु | २०००००.०० |
| ६७२/२०७५.२.२८ | मिड ल्याण्ड एजुकेशन एण्ड टेक्निकल एकेडेमीलाई लोकसेवा आयोग तयारी कक्षा संचालनका लागि आर्थिक सहायता प्रदान गरेकोमा प्रशिक्षार्थीहरुको हाजिरी तथा सो कार्यको प्रगति प्रतिवदेन पेश गर्नु पर्ने रु | २०००००.०० |
| ७०२/२०७५.३.५ | धादिङ नेत्रहिन समाजले बाख्रा पालन सम्बन्धी तालिम संचालनमा बाख्रा पालनका लागि बिउ पुँजी बापत १७ जनालाई रु १० हजारका दरले नगद वितरण गरेको भरपाई पेश गरेकोमा उक्त लाभग्राहीहरुले बाख्रा किनेर विउ पुजी सम्बन्धी कार्य गरेको प्रमाण पेश गर्नु पर्ने रु | १७००००.०० |
| ७४६/२०७५.३.१९ | महिला क्षमता विकास कार्यक्रम अर्न्तगत ३२ जना महिलाहरुलाई बाख्रा पालनका लागि बिउ पुँजी बापत रु ५ हजारका दरले नगद वितरण गरेको भरपाई पेश गरेकोमा उक्त लाभग्राहीहरुले बाख्रा किनेर विउ पुँजी सम्बन्धी कार्य गरेको प्रमाण पेश गर्नु पर्ने रु | १६००००.०० |
| ७५०/२०७५.३.१९ | माथिल्लो पधेरो साना सिंचाई योजनाको भुक्तानी गर्दा कन्टीनजेन्सी कट्टा गरी भुक्तानी गर्न पर्नेमा पुरा रकम भुक्तानी गरेको हुदा बढि भुक्तानी असुल गर्नु पर्ने रु | ३७५०.०० |
| ७८५/२०७५.३.२२ | धादिङ इसाई समाजलाई जीवन रुपान्तरण सम्बन्धी किशोर किशोरीहरुलाई कार्य शाला गोष्ठी संचालन गरेको भनि खर्च लेखेकोमा कार्यक्रमको उपलब्धी जस्ता पक्ष समेटी कार्यक्रम प्रतिवेदन पेश गर्नु पर्ने रु | ३३९५००.०० |
| ८२०/२०७५.३.२४ | धुवाकोट पात्ले सिंचाई परियोजना कार्यक्रम अर्न्तगत कूलो निर्माण गरेको भनि खर्च लेखेकोमा सो कार्यको प्राबिधिक पुष्ट्याँई सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु | १०००००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ८२१/२०७५.३.२४ | बालबालिका क्षमता विकास कार्यक्रम अर्न्तगत, धादिङ फर्निसिङ सेन्टरबाट ४२ थान बुक कर्नर र्‍याक खरिद गरेको भनि भुक्तानी गरेकोमा उक्त र्‍याक कुन संस्थालाई प्रदान गरेको वा बालबालिकाहरुलाई वितरण गरेको हो सोको प्रमाण पेश गर्नु पर्ने रु | १९४०००.०० |
| ८२९/२०७५.३.२५ | समुटार आई पि एम साना सिंचाई उ.स. लाई कन्टिनजेन्सी बापतको रकम कट्टा नगरी भुक्तानी गरेको हुदा असुल गर्नु पर्ने रु | १५०००.०० |
| ८३५/२०७५.३.२५ | सम्झौता बेगर, संचार क्षेत्र पुर्वाधार विकास कार्यक्रम अर्न्तगत रेडीयो विहानी ९७.६ मेगाहर्जलाई अनुदान दिएकोमा उक्त अनुदानबाट भएको कार्यको प्राबिधिक पुष्ट्याँई सहितको कार्य सम्पन्न प्रतिवेदन तथा प्रगति प्रतिवेदन पेश गर्नु पर्ने रु | ४०००००.०० |
| ९०४/२०७५.३.२५ | बि.टि.एल. ट्रेड प्रा.लि.ललितपुरबाट ६ थान मिनि टिलख खरिद गरेको भनि खर्च लेखेकोमा २ थानको वितरण भरपाई पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु | ८६०००.०० |
| ९१३/२०७५.३.२५ | अनुगमन गर्नका लागि भनेर राम कुमार गुरुङलाई गाडी भुक्तानी गरेकोमा अनुगमन गरेको प्रतिवेदन पेश गर्नु पर्ने रु | ९९०००.०० |
| | जम्मा | २४१९०००.०० |

२७. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ त्यसै गरी सोही नियमको उप नियम ८ अनुसार खर्चको भुक्तानी रीतपूर्वक भए नभएको यकिन गरी गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले हेल्थ असिस्टेन्ट सीता कोइराला २०७४।९।१३ गते देखि बेतलबी बिदामा बसेको भनि जिल्ला स्वास्थ्य कार्यालयल धादिङबाट मिति २०७४।१०।९ को च.नं. ८८० पत्र प्राप्त भएकोमा पौष, माघ र फाल्गुन सम्मको तवल भुक्तानी गरेको देखिएको हुदा बेतलबी बिदा बसेको मिति देखि निकाशा भएको कुल तलबमा एक प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गरी बाँकी हुने रकम असुल गर्नु पर्ने रु — ७४९१५.००

२८. नेपाल सरकार अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७३ को परिच्छेद ७ खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यबिधि अनुसार कार्यक्रममा खाजा खर्च बापत प्रति व्यक्त बढिमा रु २००। सम्म खाजा खर्च लेख्ने व्यवस्था रहेकोमा कार्यालयले देहाय बमोजिमको कार्यक्रमहरुमा निर्देशिकाको उल्लेखित व्यवस्था भन्दा बढि दरमा खर्च लेखेको अनियमित रु — २८६२३६.००

| भौचर/मिति | विवरण | भुक्तानी गरेको | भुक्तानी गर्नु पर्ने | बढी |
|---|---|---|---|---|
| ७३३/२०७५.३.१८ | आमा समूहलाई उन सम्बन्धी तालिम संचालन गरेको भनि आर.के.गेष्ठ हाउसबाट ४२० जनालाई खाना खाजा खरिद गरेको खर्च निर्देशिकामा उल्लेखित दर भन्दा बढि दरले भुक्तानी गरेको देखियो। | १८२७२१.०० | ८४०००.०० | ९८७२१.०० |
| ७८५/२०७५.३.२२ | धादिङ इसाई समाजले जीवन रुपान्तरण सम्बन्धी कार्यशाला गोष्ठीमा ४१६ हाजिरी पेश भएकोमा खाना खाजाका लागि निर्देशिकाको दर भन्दा बढि दरले खर्च लेखेको देखियो। | २६७६६५.०० | १६६४००.०० | १०१२६५.० |
| ९१०/२०७५.३.२५ | कार्यालयल सम्बन्धी खर्च शिर्षकबाट आर.के.गेष्ठ हाउसको ९०० सेट खाना खाजाको विल भुक्तानी गरेको खर्च निर्देशिकामा उल्लेखित दर भन्दा बढि दरले भुक्तानी गरेको देखियो। | २५४२५०.० | १८००००.०० | ७४२५०.० |
| ८९१/२०७५.३.२५ | प्रसन्न स्वास्थ्य आमा सहकारी संस्था लि.ले ३ दिन कार्यक्रम संचालन गरी १८ कक्षा प्रशिक्षण गरेको भनि प्रशिक्षक भुक्तानी गरेको देखियो । निर्देशिकाको व्यवस्था अनुसार एक दिनमा प्रतिकक्षा १:३० मिनेका दरले संचालन गरी बढिमा ४ कक्षा सम्मको मात्र भुक्तानी गर्न मिल्ने उल्लेख रहेको हुदा ३ दिनमा बढिमा १२ कक्षा सम्मको प्रशिक्षण भत्ता दिन मिल्ने हुदा बढि भुक्तानी असुल गर्नु पर्ने रु | ३६०००.०० | २४०००.०० | १२०००.०० |
| | जम्मा | | | २८६२३६.० |

२९. नेपाल सरकार अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७३ को परिच्छेद ७ खर्चको मापदण्ड

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>सम्बन्धी निर्णय तथा कार्यबिधिमा उल्लेखित दर भन्दा बढि दरमा खर्च गर्नु पर्ने भएमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र खर्च गर्नु पर्ने उल्लेख छ । कार्यालयले अर्थ मन्त्रालयको पुर्व स्वीकृति बेगर प्रशिक्षक भत्ता प्रति दिन रु २५०००। का दरले तीन दिनको रु ७५०००।- भुक्तानी गरेको हुदा सो भुक्तानीलाई पुष्ट्याँई गर्ने प्रमाण पेश गर्नु पर्दछ अन्यथा निर्देशिकामा उल्लेखित दर भन्दा बढि गरेको भुक्तानी असुल गर्नु पर्ने रु</td><td>७५०००.००</td></tr>
<tr><td>३०.</td><td>नेपाल सरकार अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७३ को परिच्छेद ७ खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यबिधिमा उल्लेखित दर भन्दा बढि दरमा खर्च गर्नु पर्ने भएमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र खर्च गर्नु पर्ने उल्लेख छ । निर्देशिकाको व्यवस्था अनुसार २ दिन सम्मको लागि एक मुष्ट रु २००। सम्म र त्यो भन्दा बढि जति सुकै दिन सम्म कार्यक्रम संचालन भएता पनि बढिमा रु ५००। प्रति सहभागी आतेजाते खर्च दिन मिल्ने व्यवस्था छ । प्रसन्न स्वास्थ्य आमा सहकारी संस्था लि.ले ३ दिन कार्यक्रम संचालन गरी सहभागीहरु ३२ जनालाई चलन चल्तीको भाडा भनि प्रति व्यक्ति रु १०००। का दरले भुक्तानी गरेको पाइएकोले उपरोक्त निर्देशिकाको पालना गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>कार्यालयले विभिन्न कार्यक्रममा बाखा पालनका लागि बिउ पुँजी वापत भनेर देहायका व्यक्ति हरुलाई प्रति व्यक्ति रु.१० हजारका दरले नगद वितरण गरेको पाइएकोमा उक्त वितरित रकम तोकिएकै उद्देश्यमा खर्च भई उपलब्धि भएको सम्बन्धमा अनुगमन गरी लागत लाभमा आधारित गुणात्मक प्रतिवेदन तयार गर्नुपर्दछ ।
<table>
<tr><th>भौचर/मिति</th><th>विवरण</th><th>भुक्तानी गरेको</th></tr>
<tr><td>७०२/२०७५.३.५</td><td>बाखा पालनका लागि १७ जनालाई रु १० हजारका दरले नगदमा विउ पुँजी वितरण गरेको ।</td><td>१७००००.००</td></tr>
<tr><td>७४६/२०७५.३.१९</td><td>बाखा पालनका लागि ३२ जनालाई रु ५ हजारका दरले नगदमा विउ पुँजी वितरण गरेको ।</td><td>१६००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३००००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम कार्यालयबाट संचालन भए गरेका कामको सुनिश्चितता, संरक्षण, उपयोग र उपलब्धि सम्बन्धमा मुल्यांकन गर्नुपर्ने व्यवस्था छ, साथै खर्च औचित्यपुर्ण भए नभएको यकिन गर्नु पर्ने उल्लेख रहेकोमा कार्यालयले जिल्ला अस्पतालमा १३ थान सि.सि.टि.भि. जडान गर्नका लागि सर्भे गरेको भनि लुक्स नेपाल प्रा.लि. लाई रु १ लाख भुक्तानी गरेको देखियो । सि.सि.टि.भि. जडान सम्बन्धी कार्यको लागि सर्भे गरी रहनु पर्ने आवश्यक भएको नदेखिएको र आवश्यक नै पर्ने भए पनि आपुर्ति कर्ता स्वयंले नै जडान सम्बन्धी सबै कार्य गरी दिने हुदा सो भुक्तानी औचित्यपुर्ण नभएको देखिएको हुदा असुल गर्नु पर्ने रु</td><td>१०००००.००</td></tr>
<tr><td>३३.</td><td>मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(१) बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले तोकेको अन्यथा स्विकृत भए देखी बाहेक खरिदकर्तालाई अनुसुचि ५ र ५क(१८) बमोजिमको ढाँचामा कर विजका जारी गर्नु पर्दछ । त्यसरी कर विजक जारी गर्दा विजक नं. प्रिन्टेड हुनपर्ने, केरमेट नभएको र दोहोरीन नहुने हुनुपर्ने उल्लेख छ । नेप्लिज कम्प्युटर सेन्टर, काठमाण्डौबाट सि.सि.टि.भी. खरिद गरेको देखिएकोमा कर विजक केरमेट गरी टिपेक्स लगाएको विजक जारी गरेको देखिएको हुदा उक्त विलबाट भुक्तानी भएको मु.अ. कर रु ३३८४९।८२ को समायोजन पत्र पेश गर्नु पर्ने रु</td><td>३३८४९.८२</td></tr>
<tr><td>३४.</td><td>शिक्षा तर्फ निकाशाका सम्बन्धमा शिक्षा मन्त्रालयबाट स्वीकृत, विद्यालय क्षेत्र विकास कार्यक्रम सम्बन्धि, कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४/७५ खण्ड एक-क को बुदा नं.१८ अनुसार विद्यालयका प्रधानाध्यापकद्वारा भरिने सम्पुर्ण विवरण तथा तथ्याङकहरु यथार्थपरक हुनु पर्ने छ । त्यसै गरि स्रोत व्यक्ति र विद्यालय निरीक्षकबाट प्रमाणित गर्दा यथार्थतामा आधारित भई प्रमाणिकरण गर्ने गराउने निर्देशन दिने व्यवस्था रहेकोमा बिद्यालयबाट माग गरेको तलव माग फारम रुजु तथा प्रमाणित गरी तलब निकाशा गर्नु पर्ने व्यवस्था छ । शिक्षकहरुको तलव मागफारम रुजु तथा प्रमाणित नगरी तलब निकाशा गरेको देखिएको हुँदा शिक्षकहरुको तलव भत्ता तथा विद्यालय क्षेत्र विकास कार्यक्रमको समेत रु १८,२५,७४,७०२।८९ निकाशा रकम यथार्थ परक रहेको हो भनेर विश्वस्त रहन सक्ने आधार देखिएन । सम्पुर्ण तथ्याङक तथा विवरणहरु सम्बन्धित अधिकारीबाट रुजु तथा प्रमाणित गरी सुद्धता यकिन गरेर निकाशा तथा खर्च लेख्नु पर्दछ । नीलकण्ठ मा.वि.तर्फका शिक्षकहरुको तलब भत्ता तीन चौमासिकको जम्मा माग रु ६७,१७,७०८। गरेकोमा रु ८०,१९,२२६। निकाशा गरेकामा रु. १३,०१,५१८।- बढी निकाशा</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | भएको देखिएको हुदा छानबिन गरी यकिन गर्नु पर्ने रु | १३०१५१८.०० |

३५. **निःशुल्क औषधी कार्यक्रम :** नेपाल स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम-२, अनुसार अत्यावश्यक स्वास्थ्य सेवा सबै प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा उप-स्वास्थ्य चौकीमा निःशुल्क प्रदान गर्ने व्यवस्था सहित निःशुल्क औषधीको लोगो प्रयोग गर्नु पर्ने, मौज्दातको अवस्था तथा आवश्यकता पहिचान, विपद व्यवस्थापन, आकस्मिक आदेश स्तर समेत पहिचान गरि औषधीको मौज्दात कायम गर्नु पर्ने व्यवस्था उल्लेख गरेका छ । यस सम्बन्धमा कार्यालये प्रत्येक स्वास्थ्य चौकी तथा उप-स्वास्थ्य चौकीमा निःशुल्क प्रदान गरिने तथा अत्यावश्यक पर्ने औषधीको उपलब्धता सुनिश्चित गरी सोको श्रेस्ता अद्यावधिक गर्नु पर्दछ साथै निःशुल्क औषधीहरुमा, *नेपाल सरकारबाट निशुल्क वितरण भएको,* लोगो राख्ने व्यवस्था समेत गर्नु पर्दछ ।

३६. **पेश्की:** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ बमोजिम निम्न व्यक्ति तथा संस्थाको नाममा आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभई बाँकी रहेको पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. — १६४६८०१.००

| ब.उ.शि.नं. | पेश्की लिने | रकम |
|---|---|---|
| जि.आइ.जेड.अनुदान | उत्सव एण्ड गृष्म निर्माण सेवा | २७५०००.०० |
| समानिकरण अनुदान पुँजिगत | भान्जा कन्स्ट्रक्सन | १०९६०००.०० |
| समानिकरण अनुदान चालु | प्रोग्रेसिभ इन्टरप्राइजेज | ५९०००.०० |
| सशर्त चालु | अ.न.मि. सञ्जिता परियार | १४१००.०० |
| | अ.हे.व. आमोश थोकर | १५४५०.०० |
| | अ.हे.व. मनोज श्रेष्ठ | १५०००.०० |
| | अ.हे.व.मधु धमला क्षेत्रि | १७१००.०० |
| | अ.हे.व.किरण राउत | ३२००.०० |
| | अ.न.मि. लक्ष्मी नहरकी | २४८५०.०० |
| | अ.न.मी लक्ष्मी लम्साल | १२२००.०० |
| | अ.न.मी.चमेली गुरुङ | १५४५०.०० |
| | एच.ए.कमल भट्टराई | १५४५०.०० |
| | ले.पा. विष्णु प्रसाद ढकाल | ६८५५१.०० |
| | सि.अ.हे.व. कमल कुमार अधिकारी | १५४५०.०० |
| | जम्मा | १६४६८०१.०० |

३७. **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

३८. **बेरुजू -** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.६ लाख ५० हजार, अनियमित बेरुजू रु.२१ लाख ६४ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.६२ लाख ६५ हजार र पेश्की बाँकी बेरुजू रु.१६ लाख ४७ कायम भएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिकृया साथ प्रमाण कागजात पेश नभएकोले उपरोक्त बेरुजू कायम भएको छ ।

३९. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि अनुरोध गरेकोमा निम्नानुसार फछ्र्यौट भएको छ । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ९४१२१०००/- | ६०६४२२००/- | ३३४७८८००/- |

४०. **अद्यावधिक बेरुजू स्थिति :** खनियावास गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ३३४७८८००/- | - | १०७२६४४९.३५ | ४४२०५२४९.३५ |

अनुसूची– १

# नीलकण्ठ नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | धादिङ | नीलकण्ठ नगरपालिका | २२ | १९ | १०७२६ | ० | ० | ० | २२ | १९ | १०७२६ | ६५० | २१६४ | ६२६५ | - | - | ९०७९ | २१७ | १४३० | १६४७ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | नीलकण्ठ नगरपालिका | धादिङ | ४७०४० | २९८९७९ | ३६६९२१ | ४८०१६ | ७१३९१६ | ४४६३०० | १६४६९० | ८२८५ | ६१९२७५ | १४१६८१ |